**01-01-2021 ओम् शान्ति प्रातः मुरली ‘‘बापदादा’’ मधुबन**

**‘‘ मीठे बच्चे– तिमी पावन दुनियाँमा जानु छ , त्यसैले काम महाशत्रुमाथि विजय प्राप्त गर्नु छ । कामजित , जगतजित बन्नु छ।’’**

**प्रश्नः–** हरेकले आफ्नो चाल-चलनद्वारा कुनचाहिँ साक्षात्कार सबैलाई गराउन सक्छन्?

**उत्तरः–** म हंस हुँ वा बकुल्ला हुँ? यो हरेकले आफ्नो चाल-चलनद्वारा सबैलाई साक्षात्कार गराउन सक्छ। किनकि हंसले कहिल्यै कसैलाई दु:ख दिंदैन, बकुल्लाले दु:ख दिन्छ, ऊ विकारी हुन्छ। तिमी बच्चाहरू पनि अहिले बकुल्लाबाट हंस बनेका छौ। तिमी पारसबुद्धि बन्ने बच्चाहरूको कर्तव्य हो– सबैलाई पारसबुद्धि बनाउनु।

**ओम् शान्ति।** जब ओम् शान्ति भनिन्छ तब आफ्नो स्वधर्म याद आउँछ। घरको पनि याद आउँछ। तर घरमै त बसिरहनु छैन। बाबाको बच्चा हौ त्यसैले अवश्य आफ्नो स्वर्गलाई पनि याद गर्नुपर्छ। ओम् शान्ति भन्नाले यो सारा ज्ञान बुद्धिमा आउँछ। म आत्मा शान्तस्वरूप हुँ, शान्तिको सागर बाबाको बच्चा हुँ। जुन बाबाले स्वर्गको स्थापना गर्नुहुन्छ उहाँ बाबाले नै हामीलाई पवित्र, शान्त स्वरूप बनाउनु हुन्छ। मुख्य कुरा हो पवित्रताको। दुनियाँ नै पवित्र र अपवित्र बन्छ। पवित्र दुनियाँमा एक जना पनि विकारी हुँदैन। अपवित्र दुनियाँमा ५ विकार छन्, त्यसैले भनिन्छ विकारी दुनियाँ। त्यो हो निर्विकारी दुनियाँ। निर्विकारी दुनियाँको सिँढीबाट झर्दै झर्दै फेरि तल विकारी दुनियाँमा आइपुग्छौ। त्यो हो पावन दुनियाँ, यो हो पतित दुनियाँ। त्यो हो दिन, सुख। यो हो भट्किने रात। त्यसो त रातमा कोही पनि भट्किंदैनन्। तर भक्तिलाई भट्किनु भनिन्छ।

तिमी बच्चाहरू आएका हौ सद्गति पाउन। तिम्रो आत्मामा सबै पाप थियो, ५ विकारहरू थिए। तिनीहरूमा पनि मुख्य हो काम विकार, जसबाट नै मनुष्य पाप आत्मा बन्छ। यो त हरेकले जान्दछन्, हामी पतित छौं अनि पाप आत्मा पनि हौं। एउटा काम विकारको कारण सबै योग्यताहरू बिग्रन जान्छन्, त्यसैले बाबा भन्नुहुन्छ– कामलाई जित्यौ भने तिमी जगतजित अर्थात् नयाँ विश्वको मालिक बन्छौ। त्यसैले भित्र यति खुसी हुनुपर्छ। मनुष्यहरू पतित बनेकाले केही पनि बुझ्दैनन्। बाबाले सम्झाउनु हुन्छ– कुनै पनि विकार हुनु हुँदैन। मुख्य हो काम विकार, यसले गर्दा कति झगडा हुन्छ। घर घरमा कति अशान्ति, हाहाकार हुन्छ। यस समय दुनियाँमा हाहाकार किन छ? किनकि पापात्मा छन्। विकारहरूको कारण नै असुर भनिन्छ। अहिले तिमीलाई थाहा छ– यस समयमा दुनियाँमा कुनै पनि कामको चीज छैन, संसारमा आगो लाग्नु नै छ। जे जति यी आँखाले देख्छौ, सबैमा आगो लाग्छ। आत्मामा त आगो लाग्दैन। आत्मा त मानौं सधैं सुरक्षित छ, सधैं अमर रहन्छ। आत्मालाई कहिल्यै बिमा गरिन्छ र? शरीरको बिमा गरिन्छ। आत्मा अविनाशी छ। बच्चाहरूलाई सम्झाइएको छ– यो खेल हो। आत्मा त माथि रहने ५ तत्त्वहरूदेखि बिल्कुलै भिन्न छ। ५ तत्त्वहरूले सारा दुनियाँका सामग्रीहरू बन्छन्। आत्मा त बन्दैन। आत्मा सधैं छ। केवल पुण्य आत्मा, पाप आत्मा बन्छ। आत्माको नाम नै पुण्य आत्मा, पाप आत्मा हुन्छ। ५ विकारहरूले गर्दा कति फोहोर बन्न पुग्छ। त्यसैले बाबा आउनु भएको छ पापहरूबाट छुटाउन। विकारले नै सारा चरित्रलाई बिगारिदिन्छ। चरित्र केलाई भनिन्छ, यो पनि जानेका छैनन्। यो हो उच्च भन्दा उच्च रूहानी सरकार। पाण्डव सरकार नभनेर तिमीले ईश्वरीय सरकार भन्न सक्छौ। तिमीलाई थाहा छ– यो ईश्वरीय सरकार हो। ईश्वरीय सरकारले के गर्छ? आत्माहरूलाई पवित्र बनाएर देवता बनाउँछ। नत्र देवता कहाँबाट आए? यो कसैले पनि जान्दैन।

हुन् त यिनीहरू पनि मनुष्य नै, तर देवता कसरी बने, कसले बनायो? देवताहरू त हुन्छन् नै स्वर्गमा। त्यसैले उनीहरूलाई कसले स्वर्गवासी बनायो? स्वर्गवासी फेरि अवश्य नर्कवासी बन्छन्, फेरि स्वर्गवासी। यो पनि जान्दैनथ्यौ भने अरूले फेरि कसरी जान्न सक्छन्? अब तिमीले बुझेका छौ– ड्रामा बनेको छ, यतिका सबै कलाकारहरू छन्। यी सबै कुरा बुद्धिमा हुनुपर्छ। पढाइ त बुद्धिमा हुनुपर्छ नि अनि पवित्र पनि अवश्य बन्नु छ। पतित बन्नु धेरै नराम्रो कुरा हो। आत्मा नै पतित बन्छ। एक आपसमा नै पतित बन्छन्। पतितहरूलाई पावन बनाउनु, यो तिम्रो काम हो। पावन बन्यौ भने पावन दुनियाँमा जान्छौ। यो आत्माले जान्दछ। आत्मा विना शरीर पनि रहन सक्दैन, जवाफ मिल्न सक्दैन। आत्माले जान्दछ– हामी वास्तवमा पावन दुनियाँका निवासी हौं। अहिले बाबाले सम्झाउनु भएको छ, तिमी बिल्कुलै बेसमझ थियौ, त्यसैले पतित दुनियाँको लायक बन्न पुग्यौ। जबसम्म पावन बन्दैनौ तबसम्म स्वर्गको लायक बन्न सक्दैनौ। स्वर्गको तुलना पनि संगममा नै गरिन्छ। त्यहाँ कसरी तुलना गर्न सकिन्छ? यो संगमयुगमा नै तिमीलाई सारा ज्ञान मिल्छ। पवित्र बन्ने हतियार मिल्छ। एक बाबालाई नै भनिन्छ पतित-पावन, हामीलाई यस्तो पावन बनाउनु होस्। यिनी स्वर्गको मालिक हुन् नि। तिमीलाई थाहा छ– हामी नै स्वर्गका मालिक थियौं फेरि ८४ जन्म लिएर पतित बनेका हौं। श्याम अनि सुन्दर, यिनको नाम पनि यस्तै राखिएको छ। कृष्णको चित्रलाई श्याम बनाइदिन्छन् तर अर्थ केही पनि बुझ्दैनन्। कृष्णको पनि तिमीलाई कति स्पष्ट जानकारी छ। दुईवटा दुनियाँ देखाएका छन्। वास्तवमा दुईवटा दुनियाँ त छँदै छैनन्। दुनियाँ एउटै छ। त्यही नयाँ र पुरानो हुन्छ। पहिला साना बच्चाहरू नयाँ हुन्छन् फेरि ठूला भएर वृद्ध हुन्छन्। तिमीले कति टाउको दुखाउँछौ सम्झाउनको लागि। आफ्नै राजधानी स्थापना गरिरहेका छौ नि। लक्ष्मी-नारायणले बुझेका थिए नि। बुझेर नै यति मीठो बनेका हुन्। कसले सम्झायो? भगवानले। लडाई आदिको त कुरै होइन। भगवान कति समझदार, ज्ञानको सागर हुनुहुन्छ। कति पवित्र हुनुहुन्छ। शिवको चित्रको अगाडि सबै मनुष्यहरू गएर नमस्कार गर्छन् तर उहाँ को हुनुहुन्छ, के गर्नुहुन्छ, यो कसैले जानेका छैनन्। शिव काशी विश्वनाथ गंगा... केवल भनिरहन्छन्। अर्थ अलिकति पनि बुझ्दैनन्। सम्झायो भने भन्छन्– तिमीले हामीलाई के सम्झाउँछौ? हामीले त वेद-शास्त्र आदि सबै पढेका छौं। तर रामराज्य केलाई भनिन्छ, यो पनि कसैले जानेका छैनन्। सत्ययुग नयाँ दुनियाँलाई रामराज्य भनिन्छ। तिमीहरूमा पनि नम्बरवार धारणा छ। कतिले त भुलि पनि हाल्छन् किनकि बिल्कुलै पत्थरबुद्धि बनेका छन्। त्यसैले अब जो पारसबुद्धि बनेका छन् उनको काम हो अरूलाई पनि पारसबुद्धि बनाउनु। पत्थरबुद्धि भएकाको चाल-चलन उही चलिरहन्छ किनकि हंस र बकुल्ला भएका छन् नि। हंसले कहिल्यै कसैलाई दु:ख दिँदैन। बकुल्लाले दु:ख दिन्छ। कति छन् जसको चाल-चलन बकुल्लाको जस्तै छ, उसमा सबै विकार हुन्छ। यहाँ पनि त्यस्तै धेरै विकारीहरू आउँछन्, जसलाई असुर भनिन्छ। चिनिदैन। धेरै सेन्टरहरूमा पनि विकारीहरू आउँछन्, बहाना बनाउँछन्, हामी ब्राह्मण हौं, तर हुन्छन् झुटो। यसलाई भनिन्छ नै झुटो दुनियाँ। त्यो नयाँ दुनियाँ सच्चा दुनियाँ हो। अहिले हो संगम। कति फरक छ। जो झुटो बोल्ने, झुटो काम गर्नेवाला हुन्छन्, उनीहरू तेस्रो श्रेणीका बन्छन्। पहिलो श्रेणी, दोस्रो श्रेणी त हुन्छन् नि।

बाबा भन्नुहुन्छ– पवित्रताको पनि पूरा सबुत दिनु छ। कतिले भन्छन्– दुवै सँगै रहेर पवित्र रहन त असम्भव छ। बच्चाहरूले सम्झाउनु पर्छ। योगबल नभएकोले गर्दा यति सजिलो कुरा पनि राम्रोसँग बुझाउन सक्दैनन्। उनीहरूलाई यो कुरा कसैले बुझाउँदैन– यहाँ हामीलाई भगवानले पढाउनु हुन्छ। उहाँले भन्नुहुन्छ– पवित्र बन्नाले तिमी २१ जन्मसम्म स्वर्गको मालिक बन्छौ। त्यो हो पवित्र दुनियाँ। पवित्र दुनियाँमा पतित कोही हुन सक्दैन। ५ विकारहरू नै हुँदैनन्। त्यो हो निर्विकारी दुनियाँ। यो हो विकारी दुनियाँ। हामीलाई सत्ययुगको बादशाही मिल्छ भने हामी एक

जन्मको लागि किन पावन नबन्ने? धेरै ठूलो चिठ्ठा मिलेको छ हामीलाई। त्यसैले खुसी हुन्छ। देवी देवता पवित्र हुन्छन् नि। अपवित्रबाट पवित्र पनि बाबाले नै बनाउनु हुन्छ। त्यसैले भन्नुपर्छ, हामीलाई यो प्राप्ति छ। बाबाले नै यस्तो बनाउनु हुन्छ। बाबाले बाहेक त नयाँ दुनियाँ कसैले पनि बनाउन सक्दैन। मनुष्यबाट देवता बनाउन भगवान नै आउनु हुन्छ, जसलाई रात भनेर गायन गरिएको छ। यो पनि सम्झाइएको छ– ज्ञान, भक्ति र वैराग्य। ज्ञान र भक्ति आधा आधा हुन्छ। भक्तिपछि हुन्छ वैराग्य। अब घर जानु छ, यो शरीररूपी कपडा उतारिदिनु छ। यो फोहोरी दुनियाँमा रहनु छैन। ८४ को चक्र अब पूरा भयो। अब शान्तिधाम हुँदै सुखधाम जानु छ। सबैभन्दा पहिला अल्फको कुरालाई बिर्सिनु छैन। यो पनि बच्चाहरूले जानेका छन्– यो पुरानो दुनियाँ समाप्त हुनु छ। बाबाले नयाँ दुनियाँको स्थापना गर्नु हुन्छ। बाबा अनेकौं पल्ट आउनु भएको छ, स्वर्गको स्थापना गर्न। नर्कको विनाश हुनु छ। नर्क कति ठूलो छ। स्वर्ग कति सानो छ। नयाँ दुनियाँमा एउटै धर्म हुन्छ। यहाँ छन् अनेक धर्म। एक धर्म कसले स्थापना गर्नु भयो? ब्रह्माले त होइन। ब्रह्मा नै पतितबाट फेरि पावन बन्छन्। मेरो लागि त भनिदैन, पतित सो पावन। पावन हुँदा लक्ष्मी-नारायण नाम हुन्छ। ब्रह्माको दिन, ब्रह्माको रात। यिनी प्रजापिता हुन् नि। शिव बाबालाई अनादि सृष्टिकर्ता भनिन्छ। अनादि शब्द बाबाको लागि हो। बाबा अनादि हुनुहुन्छ भने आत्माहरू पनि अनादि हुन्। खेल पनि अनादि हो। बनिबनाउ ड्रामा हो। स्व आत्मालाई सृष्टि चक्रको आदि मध्य अन्त्य, समयावधिको ज्ञान मिल्छ। यो कसले दियो? बाबाले दिनु भयो। तिमी २१ जन्म सम्मको लागि धनी बन्छौ। फेरि रावणको राज्यमा गरिब बन्छौ। यहाँबाट नै चरित्र बिग्रिन्छ, विकारहरू छन् नि। बाँकी दुईवटा दुनियाँ छैनन्। मनुष्यले त सम्झन्छन्– नर्क स्वर्ग दुवै छन्। अहिले तिमी बच्चाहरूलाई कति स्पष्टसँग सम्झाइएको छ। अहिले तिमी गुप्त छौ। शास्त्रहरूमा त के के लेखिदिएका छन्। धागो कति जेलिएको छ। बाबा सिवाय कसैले सुल्झाउन सक्दैन। उहाँलाई पुकार्छन्– हामी कुनै कामका छैनौं, आएर पावन बनाएर हाम्रो चरित्र सुधार्नु होस्। तिम्रो चरित्र कति सुध्रिन्छ। कसै कसैको त सुध्रिनुको बदलामा अझै बिग्रन्छ। चालचलनबाट पनि थाहा हुन्छ। आज हंस कहलाइएका महारथी भोलि बकुल्ला बन्न पुग्छन्। बेरै लाग्दैन। माया पनि गुप्त छ नि। क्रोधलाई देख्न सकिंदैन। भौं भौं गरेपछि फेरि त्यो बाहिर निस्किनाले देखिन्छ। फेरि आश्चर्यवत् सुनन्ती, कथन्ती... भागन्ती हुन पुग्छन्। कति तल गिर्छन्। एकदम पत्थर बन्न पुग्छन्। इन्द्रप्रस्थको पनि कहानी छ नि। थाहा त भई नै हाल्छ। यस्ताहरू फेरि सभामा आउनु हुँदैन। अलिकति पनि ज्ञान सुनेको छ भने स्वर्गमा आई नै हाल्छ। ज्ञानको विनाश हुन सक्दैन।

बाबा भन्नुहुन्छ– तिमीले पुरुषार्थ गरेर उच्च पद पाउनु छ। यदि विकारमा गयौ भने पद भ्रष्ट गरिदिन्छौ। सूर्यवंशी, चन्द्रवंशी बन्छौ फेरि वैश्य वंशी, शूद्र वंशी। अहिले तिमीलाई थाहा छ– यो चक्र कसरी घुम्छ। उनीहरू त कलियुगको आयु नै ४० हजार वर्ष भनिदिन्छन्। सिँढीबाट त तल नै झरिन्छ नि। ४० हजार वर्ष हुने हो भने त जनसंख्या धेरै हुन्छ। ५ हजार वर्षमा नै यतिका मनुष्य छन्, जसकारण खान पनि पुग्दैन। यति हजार वर्षमा कति वृद्धि होला। बाबा आएर धैर्य दिनुहुन्छ। पतित मनुष्यहरू त लड्नु नै छ। उनीहरूको बुद्धि यतातर्फ लाग्न सक्दैन। अब तिम्रो बुद्धि हेर कति परिवर्तन हुन्छ, फेरि पनि मायाले अवश्य धोका दिन्छ। इच्छा मात्रम् अविद्या। कुनै पनि इच्छा गर्यो भने गयो। कौडी तुल्य बन्न पुग्छौ। राम्रा राम्रा महारथीहरूलाई पनि मायाले कुनै न कुनै प्रकारले कहिलेकाहीँ धोका दिइरहन्छ। त्यसैले दिलमा चढ्न सक्दैनन्, जसरी लौकिक माता पिताको दिलमा चढ्दैनन्। कुनै बच्चा त यस्ता पनि हुन्छन् जसले पितालाई पनि समाप्त गरिदिन्छन्। परिवारलाई समाप्त गरिदिन्छन्। अति पाप आत्माहरू छन्। रावणले के गरिदिन्छ, दुनियाँ धेरै फोहोरी छ। यसमा कहिल्यै दिल लगाउनु हुँदैन। पवित्र बन्नलाई धेरै हिम्मत चाहिन्छ। विश्वको बादशाहीको इनाम लिनको लागि मुख्य पवित्रता हो। त्यसैले बाबालाई भनिन्छ– आएर

पावन बनाउनु होस्। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) मायाको धोकाबाट बच्नको लागि इच्छा मात्रम् अविद्या बन्नु छ। यस फोहोरी दुनियाँसँग दिल लगाउनु छैन।

२) पवित्रताको पूरा पूरा सबुत दिनु छ। सबैभन्दा उच्च चरित्र नै पवित्रता हो। आफूले आफैंलाई सुधार्नको लागि पवित्र अवश्य बन्नु छ।

**वरदानः–** **आफ्नो एकाग्र स्वरूपद्वारा सूक्ष्म शक्तिको लीलाको अनुभव गर्ने अन्तर्मुखी भव**

एकाग्रताको आधार अन्तर्मुखता हो। जो अन्तर्मुखी छ, उसले भित्रभित्रै सूक्ष्म शक्तिको लीलाको अनुभव गर्छ। आत्माहरूलाई आह्वान गर्नु, आत्माहरूसँग कुराकानी गर्नु, आत्माहरूको संस्कार स्वभाव परिवर्तन गर्नु, बाबासँग सम्बन्ध जुटाउनु– यसरी आत्माहरूको दुनियाँमा रूहानी सेवा गर्नको लागि एकाग्रताको शक्ति बढाऊ, यसबाट सबै प्रकारका विघ्न स्वतः समाप्त हुन्छन्।

**स्लोगनः–** सर्व प्राप्तिहरूलाई स्वयंमा धारण गरेर विश्व रंगमञ्चमा प्रत्यक्ष हुनु नै प्रत्यक्षताको आधार हो।